# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, असोज २३ गते २०४२ साल ( अतिरिक्ताङ्क ३० (क)

## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## निवृत्ति कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः कम्पनी, संस्थान तथा अन्य सङ्गठित संस्थामा काम गर्ने कर्मचारीहरूको निम्ति निवृत्ति कोषको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "निवृत्ति कोष ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको निवृत्ति कोष सम्झनुपर्छ ।

(ख) "कर्मचारी" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भएको कम्पनी, संस्थान तथा अन्य सङ्गठित संस्थाको सेवामा रहेको व्यक्ति सम्झनुपर्छ ।

(ग) "संस्था" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भएको कम्पनी, संस्थान तथा अन्य सङ्गठित संस्था सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले दफा ६ बमोजिम गठित कोषको सञ्चालक समिति सम्झनुपर्छ ।

(ङ) "महाप्रबन्धक" भन्नाले दफा ११ बमोजिम नियुक्त भएको कोषको महाप्रबन्धक सम्झनुपर्छ ।

(च) "ऋणपत्र" भन्नाले राष्ट्रऋण ऐन, २०१७ बमोजिम श्री ५ को सरकारले निष्काशन गरेको ऋणपत्र सम्झनुपर्छ र सो शब्दले विदेशी सरकारको ऋणपत्र समेतलाई जनाउँछ ।

(छ) "डिबेञ्चर" भन्नाले कम्पनीले आफ्नो जायजेथा धितो वा जमानत राखी लिएको ऋणको तमसुक सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१२

(ज) "सदस्य" भन्नाले आफ्नो कर्मचारीको सञ्चय कोष रकम कोषमा जम्मा गर्ने संस्था सम्झनुपर्छ ।

(झ) "तलब" भन्नाले सेवाको शर्तबमोजिम कर्मचारीले सेवा प्रदान गरे-बापतको पदाधिकार रहेको पदको प्रचलित स्केलबमोजिम पाउने तलबलाई मात्र सम्झनुपर्छ ।

(ञ) "तोकिएको" वा "तोकिएबमोजिमको" भन्नाले यो ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिमको सम्झनुपर्छ ।

परिच्छेद–२

कोषको स्थापना, पूंजी र व्यवस्थापन

३. निवृत्ति कोषको स्थापना: कम्तीमा तीनवटा संस्थाहरूले आपसमा मिली श्री ५ को सरकारको स्वीकृति लिई निवृत्ति कोष स्थापना गर्न सक्नेछन् ।

४. निवृत्ति कोष स्थापनाको लागि निवेदन दिने र स्वीकृतिसम्बन्धी व्यवस्था: (१) दफा ३ बमोजिम कोष स्थापना गर्न चाहने संस्थाहरूले संयुक्त रूपले तोकिएको विवरण खुलाई श्री ५ को सरकारसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने संस्थाहरूले आफ्नो संस्थाका कर्म-चारीहरूको सञ्चय कोषमा जम्मा गर्नको लागि कट्टा गरिएको र थप गरिएको रकम कम्तीमा बीस लाख रुपैयाँ पुग्नु पर्नेछ र वार्षिक छ लाखभन्दा बढी रकम सञ्चय कोषबापत कट्टी गरी कोषमा जम्मा हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको निवेदनउपर आवश्यक छानबीन गरी श्री ५ को सरकारले कोष स्थापना गर्न स्वीकृति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कोष स्थापना गर्न दिएको स्वीकृतिको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

५. कोष सङ्गठित संस्था हुने: (१) कोष अविछिन्न उत्तराधिकारवाला एक सङ्गठित संस्था हुनेछ ।

(२) कोषको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) कोषले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) कोषले व्यक्ति सरह आफ्नो नामबाट नालिसउजूर गर्न र सो उपर पनि सोही नामबाट नालिसउजूर लाग्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१२

६. सञ्चालक समितिको गठनः (१) कोषको सम्पूर्ण काम कारवाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि एक सञ्चालक समिति गठन हुनेछ । सञ्चालक समितिले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमबमोजिम कोषलाई भएको सबै अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ ।

(२) सञ्चालक समितिमा बढीमा सात जना सञ्चालकहरू रहनेछन् र सञ्चालकहरू साधारण सभाद्वारा निर्वाचित हुनेछन् ।

(३) सञ्चालकहरूले आफूमध्येबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुनेछ ।

(४) सञ्चालकहरूको कार्यावधि चार वर्षको हुनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभाद्वारा सञ्चालकहरू निर्वाचित हुने व्यवस्था नभएसम्म कोषको सदस्य-संस्थाहरूमध्येबाट श्री ५ को सरकारले तोकेका संस्थाहरूका प्रतिनिधिहरू सञ्चालक रहनेछन् ।

७. काम कारवाही बदर नहुनेः समितिको गठनमा कुनै त्रुटि भएको कुरा पछि पत्ता लागेमा वा कुनै सञ्चालकको स्थान रिक्त भई समितिमा कुनै काम कारवाही भएको भए पनि सोही कारणले मात्र त्यस्तो काम कारवाही बदर हुनेछैन ।

८. समितिको बैठकः (१) अध्यक्षको आदेशानुसार सचिवले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) कम्तीमा दुई जना सञ्चालकहरूले लिखित अनुरोध गरेमा त्यसको सात दिनभित्र अध्यक्षले समितिको बैठक बोलाउनु पर्नेछ । यसरी बैठक बोलाउँदा सात दिनको म्याद दिनु पर्नेछ ।

(३) अध्यक्ष र कम्तीमा अरू तीन जना सञ्चालकहरू उपस्थित नभई समितिको बैठक बस्ने छैन ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले वा निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरूले आफूमध्येबाट छानेको सञ्चालकले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्नेले निर्णयात्मक मत दिनेछ ।

(६) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

९. श्री ५ को सरकार र कोषको सम्बन्धः कोषले श्री ५ को सरकारसंग सम्पर्क राख्दा अर्थ मन्त्रालयमार्फत राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५४

१०. कोषको सदस्य बन्न सकिनेः आफ्नो कर्मचारीहरूको सञ्चय कोष रकम कोषमा जम्मा गर्ने गरी कुनै संस्था कोषको सदस्य हुन सक्नेछ ।

११. महाप्रबन्धकको नियुक्तिः समितिले कोषको कार्यसञ्चालनको लागि मुख्य प्रशासकीय अधिकृतको रूपमा एक जना महाप्रबन्धक नियुक्त गर्नेछ ।

## परिच्छेद–३

## कोषको सभा

१२. कोषको साधारण सभाः (१) कोष स्थापना गर्ने स्वीकृति पाएको बाह्र महीनाभित्र समितिको अध्यक्षले कोषको सदस्यहरूको एउटा प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) कोषको साधारण सभा देहायका प्रकारका हुनेछन्ः–

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा, र

(ग) विशेष साधारण सभा ।

(३) कोषको प्रारम्भिक साधारण सभा र वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा एक्काईस दिन अगावै र विशेष साधारण सभा गर्नको लागि कम्तीमा पन्ध्र दिन अगावै सभा हुने ठाउँ, मिति, समय र छलफल गर्ने विषय खोली सदस्यहरूलाई सूचना दिनु पर्नेछ ।

(४) देहायको अवस्थामा बाहेक उपदफा (३) बमोजिम पहिले नै सूचित नगरिएको विषयमा साधारण सभामा छलफल गर्न पाइनेछैन ।

(क) साधारण सभामा मतदान गर्न पाउने सदस्यहरूको कम्तीमा तीन खण्डको दुई खण्ड उपस्थित भै कुनै विषयमा निर्णय गर्न पक्षमा मतदान गरेमा, वा

(ख) स्थगित भएको कुनै साधारण सभामा छलफलको लागि सूचित गरिएको कुनै विषय भएमा ।

१३. वार्षिक साधारण सभाः (१) कोषले प्रारम्भिक सभा भएको एक वर्षभित्र वार्षिक साधारण सभा गर्नु पर्नेछ र त्यसपछि प्रत्येक वर्ष कोषको आर्थिक वर्ष पूरा भएको छ महीनाभित्र वार्षिक साधारण सभा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै कोषले वार्षिक साधारण सभा नबोलाएमा सो कुरा खोली कुनै सदस्यले दरखास्त दिएमा श्री ५ को सरकारले वार्षिक साधारण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सभा गर्न लगाउन सक्नेछ र सोबमोजिमको दरखास्त नपरेमा पनि उपदफा (१) मा लेखिएको अवधि नाघेको दुई महीनाभित्र श्री ५ को सरकारले त्यस्तो सभा गर्न लगाउनेछ ।

१४. वार्षिक साधारण सभामा पेश गर्नु पर्ने विषयहरूः (१) वार्षिक साधारण सभामा लेखापरीक्षण भैसकेको गत वर्षको कोषको नाफा-नोक्सानको हिसाब र वासलात पेश गर्नु पर्नेछ ।

(२) कोषका जम्मा सदस्य संख्याको कम्तीमा पन्ध्र प्रतिशत सदस्यहरूले चाहेमा दफा १२ को उपदफा (३) बमोजिम सूचना जारी हुनुभन्दा अगावै सञ्चालकहरू-समक्ष दरखास्त दिई कुनै विषय वार्षिक साधारण सभामा पेश गर्न लगाउन सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम पेश भएको विषयहरूको अतिरिक्त वार्षिक साधारण सभामा कोषको हिसाबकिताब, कोषको कामकाजसम्बन्धी वार्षिक प्रतिवेदन, लेखा परीक्षक र सञ्चालकहरूको प्रतिवेदन, सञ्चालक र लेखा परीक्षकको नियुक्ति, कर्मचारीलाई वितरण गर्न सञ्चालक समितिले पेश गरेको व्याज वा अन्य आर्थिक सुविधा, सञ्चालकहरूको बैठक भत्ता र अन्य आवश्यक कुराहरू उपर छल-फल गरिनेछ ।

१५. विशेष साधारण सभाः आवश्यक देखिएमा सञ्चालक समितिले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

१६. छलफल र निर्णयः (१) साधारण सभाको सभापतित्व समितिको अध्यक्ष वा निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले बहुमतद्वारा आफूमध्येबाट छानिएको व्यक्तिले गर्नेछ ।

(२) साधारण सभामा छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा पेश गर्नुपर्नेछ ।

(३) मतदान गरिएको प्रत्येक विषयमा साधारण सभामा उपस्थित भै मतदान गर्ने सदस्यहरूको बहुमतद्वारा निर्णय गरिनेछ । मतदान हुँदा मत बराबर भएमा सभापतित्व गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

१७. गणपूरक संख्याः (१) कोषका सदस्यहरूको जम्मा संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित नभै साधारण सभा बस्ने छैन ।

(२) उपदफा (१) मा लेखिएबमोजिमको संख्यामा सदस्यहरू उपस्थित नभई सभा हुन नसकेमा कम्तीमा सात दिनको अर्को सूचना दिई अर्को पटक सभा बोलाउँदा कम्तीमा एक-तिहाई सदस्यहरू उपस्थित भएमा साधारण सभा गर्न सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–४
## कोष कट्टीसम्बन्धी व्यवस्था

१८. **अनिवार्य रूपले कर्मचारीहरूको तलबबाट रकम कट्टी गर्नु पर्नेः** (१) संस्थाले आफ्ना कर्मचारीहरूको महीना–महीनाको तलबबाट अनिवार्य रूपले सञ्चय कोषबापत कम्तीमा दश प्रतिशत रकम कट्टी गरी सो कट्टी गरिएको रकमभन्दा कम नहुने गरी थप समेत दिई कोषमा जम्मा गरी दिनेछ ।

(२) कोष कट्टीको रकम अनिवार्य रूपले काटिनेछ । त्यसको लागि सम्बन्धित कर्मचारीको स्वीकृति लिनु पर्नेछैन ।

१९. **कोषमा रूपैयाँ जम्मा हुन आएपछि कोषले गर्नु पर्ने कामः** (१) दफा १८ बमोजिम कोषमा रूपैयाँ जम्मा हुन आएमा प्रत्येक कर्मचारीको नामबाट जम्मा हुन आएको रकम सो कर्मचारीको नामको खातामा जम्मा गर्नु पर्नेछ ।

(२) कोषले प्रत्येक वर्ष साल तमाम भएपछि कर्मचारीको तलबबाट महीना-महीनामा कट्टी भएको रकम सम्बन्धित संस्थाबाट थप भएको रकम तथा त्यसरी जम्मा हुँदै आएको रकममा पाएको ब्याजसमेत समर्थन किताबमा चढाई अध्यावधिक गरिदिनेछ ।

(३) कोषले प्रत्येक कर्मचारीलाई परिचय-पत्र दिनेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम समर्थन किताब वा परिचय-पत्र दिंदा वा त्यस्तो समर्थन किताब वा परिचय-पत्र हराए, च्यातिए वा धमिलिएमा अर्को समर्थन किताब वा परिचय-पत्र दिंदा कोषले त्यसको दस्तूर तोकी दिन सक्नेछ ।

२०. **रूपैयाँ झिक्नमा प्रतिबन्धः** कुनै कर्मचारीको नाममा कोषमा दाखिल भई जम्मा भएको रूपैयाँ निज सेवामा बहाल रहुञ्जेल फिर्ता झिक्न सकिनेछैन ।

२१. **कोषले कर्मचारीको भलाइको काम गर्न सक्नेः** कोषले आफ्नो साधनले भ्याएसम्म कर्मचारी र निजका परिवारको भलाइ र सुविधामा वृद्धि गर्ने उद्देश्यका कामहरू गर्न सक्नेछ ।

२२. **ब्याज तथा अन्य रकम दिनेः** (१) कर्मचारीको नाममा जम्मा भएको रकममा कोषले समय-समयमा निर्धारण गरेबमोजिम ब्याज जम्मा गर्नेछ ।

(२) कोषले आफ्नो जिम्मा रहेको कुल रकमको लगानीबाट प्राप्त हुने लाभाँश वा ब्याजमध्ये कर्मचारीलाई दिने ब्याज पूंजीगत खर्च र जगेडा कोष कट्टा गरी बाँकी रकमको आधारमा कर्मचारीलाई दिइने लाभाँश निर्धारण गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) जुनसुकै कारणले कर्मचारीको सेवा छुटेपछि निजको नाममा कोषमा सञ्चित रहेको रकम कोषबाट नझिकेसम्म कोषले सो रकममा ब्याज दिनेछ ।

२३. कोष कट्टी रकम फिर्ता पाउने: (१) कर्मचारीको खातामा जम्मा रहेको साँवा-ब्याजसमेतको सम्पूर्ण रकम जुनसुकै कारणले सेवाबाट हटेपछि निजले तुरुन्त एकमुष्ट फिर्ता पाउनेछ । निजको मृत्यु भएको रहेछ भने निजले इच्छाएको व्यक्ति वा व्यक्तिहरूले इच्छाएबमोजिम पाउनेछ । निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको भए तापनि त्यस्तो इच्छाएको व्यक्तिको पनि मृत्यु भैसकेको रहेछ भने कर्मचारीको देहायको नाता पर्नेमध्ये क्रमानुसार जुन जीवित छ उसले पाउनेछ:

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा वा छोरी ,

(ग) सगोलको बाबु, आमा, छोरापट्टिको नाति, नातिनी,

(घ) भिन्न बसेको पति, पत्नी, छोरा, अविवाहिता छोरी, बाबु, आमा,

(ङ) सगोलको बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी, बहिनी, विधवा छोरा-बुहारी, विवाहिता छोरी,

(च) सगोलकी सौतेनी आमा, सगोलका भतिजा, भतिजी, भिन्न बसेका छोरापट्टिको नाति, अविवाहिता नातिनी,

(छ) सगोलका काका, विधवा काकी, भाउजु, भाइ-बुहारी, नातिनी-बुहारी,

(ज) भिन्न बसेका दाजु, भाइ,

(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेको बाजे, बज्यै, विधवा छोरा-बुहारी, नातिनी-बुहारी, भतिजा ।

(२) कर्मचारीले इच्छाएको व्यक्तिको मृत्यु भएमा वा निजको मृत्यु नभए पनि कर्मचारीले चाहेमा निजको सट्टा अर्को व्यक्तिलाई इच्छाउन वा इच्छाएको व्यहोरामा हेरफेर गर्न सक्नेछ ।

(३) कर्मचारीको सेवा टुटेपछि निजको सेवा टुटेको मितिले तीन वर्षसम्म पनि कोषको रकम फिर्ता लिन नआएमा वा सो फिर्ता लिने सम्बन्धमा कुनै सूचना कोषलाई नदिएमा निजको कोषको रकम निजले इच्छाएको व्यक्तिले पाउनेछ । इच्छाएको व्यक्तिले पनि सो रकम निजले पाउन सक्ने मितिले दुई वर्ष नौ महीनासम्म लिन नआएमा कोषले सर्वसाधारणको जानकारीमा आउने गरी सूचना निकाल्ने व्यवस्था गर्नेछ । सूचना निस्केपछि पनि लिन नआएमा सो रकम कर्मचारीको उपदफा (१) बमोजिमको हकवालाले पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५८

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले कोषबाट लिएको साँवा-व्याजको भुक्तानी गर्न बाँकी रकम यस दफाबमोजिम कोष कट्टी रकम फिर्ता दिंदा कोषले कटाई लिनेछ ।

(५) दफा २२ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको शुरू मितिले छ वर्षसम्ममा पनि त्यस्तो रकम फिर्ता पाउने हक पुगेको व्यक्तिले फिर्ता लिन नआएमा सो रकम छुट्टै खातामा जम्मा गरिनेछ र त्यसरी छुट्टै खातामा जम्मा गरी सकेपछि सो रकममा व्याज दिइनेछैन ।

२४. कर्मचारीको स्थितिबारे कोषलाई सूचना गर्ने: (१) कर्मचारीको नयाँ नियुक्ति, सरूवा वा बढुवा भएमा त्यस्तो नयाँ नियुक्ति, सरूवा वा बढुवा भएको कुराको सूचना सम्बन्धित संस्थाले कोषलाई तुरुन्त दिनु पर्नेछ ।

(२) कुनै कर्मचारी उमेरको हदबाट अवकाश पाउने भएमा अवकाश पाउने छ महीना अगावै कर्मचारीको अवकाश पाउने मिति खुलाई सम्बन्धित संस्थाले कोषलाई सूचना गर्नु पर्नेछ ।

(३) कर्मचारीले अवकाश पाएमा वा अन्य कुनै किसिमले निजको सेवा टुटेमा कोष-कट्टी रकम फिर्ता गर्नको लागि कर्मचारीले अवकाश पाएको वा निजको सेवा टुटेको मिति समेत खुलाई संस्थाले कोषलाई सूचना गर्नु पर्नेछ ।

२५. संस्थाको कोषसंग सम्बन्ध नरहने: कोषको सदस्य भएको कुनै संस्था विघटन भएमा विघटन भएको मितिले सो संस्थाको सम्बन्ध कोषसँग रहने छैन र त्यस्तो विघटन भएको संस्थाका कर्मचारी यो ऐनको प्रयोजनको लागि सो संस्थाको सेवाबाट हटेको मानिनेछ ।

२६. पूंजी सार्ने: कुनै एक कोषको सदस्य भएको कुनै संस्थाले अर्को कोषको सदस्य बन्न चाहेमा कम्तीमा छ महीनाअगाडि आफू सदस्य बन्न चाहेको कोषमा पूंजी सारी पाऊँ भनी साविक कोषलाई सूचना गर्नुपर्नेछ । यसरी सूचना प्राप्त भएमा साविक कोषले पनि आफूकहाँ रहेको सम्बन्धित संस्थाको सम्पूर्ण हरहिसाब अर्को कोषमा सारी दिनु पर्नेछ ।

२७. कोषको सुरक्षा: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराहरूको सम्बन्धमा देहायबमोजिम हुनेछ :-

(क) कोषमा कर्मचारीको नाममा जम्मा रहेको रूपैयाँमा कर्मचारीका अंशियारहरू कसैको अंशबापत हक लाग्ने छैन । अदालतको फैसला



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४९५

भए पनि कर्मचारीको कोषमा जम्मा रहने रूपैयाँमा साहूको दाबी लाग्नेछैन। प्रचलित कानूनअन्तर्गत सर्वस्व जायजात हुने लगायत कुनै कसूरमा कोषमा रहेको कर्मचारीको रूपैयाँ हरण हुनेछैन। सरकारी रकम-कलम बाँकी लिनु पर्नेमा समेत सो रूपैयाँ कट्टी वा हरण हुनेछैन।

(ख) कर्मचारीको नाममा कोषमा जम्मा रहेको रकममा वा कोषको मुनाफामा वा कोषबाट कर्मचारीले आफ्नो नाममा जम्मा भएको रकम प्राप्त गरेपछि सो प्राप्त गरेको रकममा आय-कर लाग्नेछैन।

(ग) कुनै कम्पनीमा कोषको कुनै रकम लगानी वा ऋणमा गै राखेकोमा सो कम्पनी विघटन भै त्यसको जायजेथा वितरण हुँदा कोषको लगानी त्यस बापतको लाभांश र ऋणको असूल-उपर हुन बाँकी रकम बापत त्यस्तो कम्पनीको जायजेथाउपर कोषको सबभन्दा पहिलो हक रहनेछ। अरू कुनै व्यक्तिबाट कोषको कुनै रकम लिनु बाँकी भएकोमा पनि त्यस्तो व्यक्तिको जायजेथा साहूहरूको दामासाहीमा परेमा निजको जायजेथा-उपर कोषको लिन पर्ने रकम बापत सबभन्दा पहिलो हक रहनेछ। कोषको त्यसरी लिनु पर्ने बाँकी रकम असूल-उपर भैसके पछि मात्र बाँकी रहन आएको त्यस्तो कम्पनी वा व्यक्तिको जायजेथामा अरू व्यक्तिको हक लाग्नेछ।

(घ) कुनै व्यक्तिले आफूले गरी दिएको लिखतअनुसार कोषलाई बुझाउनु पर्ने सापटी, पेस्की, ऋण वा व्याजको रकम समयमा नबुझाएमा सो समय नाघेको पैंतीस दिनपछि त्यस्तो व्यक्तिले कोषलाई धितो वा भोगबन्धकी लेखिदिएको वा जमानीले जेथा-जमानीमा लेखिदिएको घर जग्गा वा अन्य कुनै पनि सम्पत्ति कोषले आफैं लिलाम बिक्री गरी कोषको रकम असूल-उपर गर्न सक्नेछ। लिलाम बिक्री हुँदा कसैले नसकारेमा कोषले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ। यस्तो स्थितिमा त्यस्तो सम्पत्तिको लगत राख्ने वा मालपोत असूल गर्ने सरकारी कार्यालयहरूले कोषको जनाउबमोजिम आफ्ना कार्यालयमा रहेको स्रेस्तामा तदनुसार नामसारी दाखिल खारेज आदि जो गर्नु पर्ने कारवाही गरी दिनु पर्नेछ।

(ङ) खण्ड (घ) बमोजिम कोषले धितो, भोगबन्धकी वा जमानी-पत्र लेखाई लिए पछि ऋणीले त्यस्तो सम्पत्ति अरू कसैलाई धितो वा भोगबन्धकी दिन वा कुनै किसिमले हक छाडी दिन पाउने छैन र सो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पत्ति रोक्का राख्न कोषबाट लेखिआएमा रजिष्ट्रेशन पास गर्ने कार्यालयले रोक्का राख्नु पर्नेछ ।

(च) कोषले कुनै व्यक्तिलाई अचल सम्पत्तिको धितोमा ऋण वा सापती दिंदा पाँच वर्षभन्दा बढीको भाखा राख्न सक्नेछ ।

२८. कोषले गर्न सक्ने कामः कोषले आफ्नो मौज्दात र सम्पत्तिको परिचालनको लागि देहायको काम गर्न सक्नेछः–

(क) नेपाल अधिराज्यभित्रका बैंकहरूको नगद प्रमाणपत्र (क्यास सर्टिफिकेट) वा मुद्दति डिपोजिटमा लगानी गर्ने,

(ख) कोषले तोकेको शर्त र व्याजमा कुनै उद्योगधन्दा वा सङ्गठित संस्थालाई ऋण दिने,

(ग) कोषले आवास परियोजना चालू गरी कर्मचारीहरूलाई बहाल बिक्रीमा घर जग्गा दिने,

(घ) भवनहरू निर्माण गरी बहालमा दिने वा बिक्रीमा दिने,

(ङ) कोषको सुरक्षालाई ध्यानमा राखी उपयुक्त क्षेत्रमा लगानी गर्ने,

(च) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई वाणिज्य बैंक, बीमा, वित्तीय संस्थाको काम गर्ने, हायर पर्चेजसम्बन्धी काम गर्ने, सङ्गठित संस्था तथा पब्लिक कम्पनीको शेयर वा डिबेन्चर खरीद गर्ने र शेयरको धितो लिई सापटी दिने,

(छ) यस ऐनअन्तर्गत गर्नु पर्ने काम गर्दा परी आएको अरू सबै काम गर्ने ।

२९. दस्तूर नलाग्नेः कोषले कर्मचारीलाई ऋण वा सापटी दिंदा गराउने लिखत र सो ऋण वा सापटी बापत लिएको धितो, भोगबन्धकी वा जमानतको लिखतमा प्रचलित कानूनबमोजिम लाग्ने आय टिकट दस्तूर र रजिष्ट्रेशन पास गराउँदा लाग्ने रजिष्ट्रेशन दस्तूर वा यस्तै अन्य कुनै किसिमको कर लाग्ने छैन ।

## परिच्छेद–५

## जगेडा कोष र लेखापरीक्षण

३०. जगेडा कोषः (१) कोषले एउटा जगेडा कोष नामको छुट्टै कोष स्थापना गर्नेछ र उक्त कोषमा प्रत्येक वर्षको खुद नाफाबाट कम-से-कम बीस प्रतिशत रकम जम्मा गरिनेछ ।

(२) कोषले पूंजीगत खर्च (मूर्त सम्पत्ति नदेखिने प्रारम्भिक खर्च, सङ्गठित खर्च, शङ्कास्पद ऋण, सम्पत्तिको ह्रास तथा कोषको आवश्यकताअनुसार भैपरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आउने अन्य खर्च समेत) नउठाएसम्म लाभांश वा अन्य आर्थिक सुविधा दिन पाउने छैन ।

३१. कोषको लेखापरीक्षणः (१) कोषको लेखापरीक्षण महालेखा परीक्षकद्वारा नियुक्त लेखा परीक्षकले गर्नेछ ।

(२) लेखापरीक्षकले वार्षिक लाभ-हानिको हिसाब, वासलात र अरू हरहिसाब उपरको आफ्नो प्रतिवेदन साधारण सभाको सामुन्ने पेश गर्नेछ र कोषको वास्तविक परिस्थिति देखिने गरी सबै आवश्यक कुराहरू स्पष्ट खुलाई ठीकसँग वासलात तयार गरेको छ-छैन र समितिबाट कुनै स्पष्टीकरण वा सूचना मागेकोमा सो सन्तोषप्रद तरीकाबाट दिइएको छ-छैन भन्ने समेत कुराको उल्लेख त्यस्तो प्रतिवेदनमा गरिनेछ ।

## परिच्छेद–६

## विविध

३२. उपदान र निवृत्तिभरणको निमित्त छुटचाइएको रकम जम्मा गर्नेः कोषको सदस्य भएको कुनै संस्थाले आफ्नो नियमबमोजिम कर्मचारीहरूलाई उपदान वा निवृत्तिभरण दिने प्रयोजनको निमित्त छुटचाइएको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

३३. हानि-नोक्सानीबाट बचाउः कोषका सञ्चालक, महाप्रबन्धक वा अरू कर्मचारीहरूले यो ऐनबमोजिम काम काज गर्दा बेइमानी गरेको वा जानी-जानी बेहिसाब गरेकोमा बाहेक निजहरूको कामकाजबाट पर्न आएको कुनै हानि-नोक्सानीको निमित्त निजहरू व्यक्तिगत रूपले जवाफदेही हुने छैनन् ।

३४. विघटनः (१) कुनै कारणवश कोषलाई विघटन गर्नुपर्छ भन्ने समितिलाई लागेमा त्यसको कारण खुलाई समितिले साधारण सभामा प्रतिवेदन पेश गर्नु पर्नेछ र साधारण सभाको दुई-तिहाई बहुमतले कोष विघटन गर्ने निर्णय गरेमा श्री ५ को सरकारको स्वीकृति लिई कोषलाई विघटन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कोष विघटन भएमा कोषको दायित्व कोषका सदस्य भएका संस्थाहरूले समानुपातिक रूपमा बहन गर्नु पर्नेछ ।

३५. निरीक्षण तथा निर्देशनः (१) कोषले प्रत्येक छ महीनाको आफ्नो वित्तीय स्थितिको विवरण सो अवधि समाप्त भएको एक महीनाभित्र नेपाल राष्ट्र बैंकलाई दिनु पर्नेछ ।

(२) नेपाल राष्ट्र बैंकले सार्वजनिक हितको लागि आवश्यक देखिएमा कोषको वित्तीय कारोवारको आवश्यक निरीक्षण एवं जाँचबुझ गर्न सक्नेछ र आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।